स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १०, भाग २, संख्या ९, मिति २०८३ भाद्र २४ गते

**भाग- २**

**बौदीकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बौदीकाली गाउँपालिकाको शिक्षा सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**१. प्रस्तावनाः**

शिक्षाको गुणस्तर अभिवृद्धि गर्न, आधारभूत तहदेखि नै विद्यार्थीहरूमा उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिस्पर्धात्मक भावनाको विकास गर्न, शिक्षण कार्यमा शतप्रतिशत सफलता हासिल गराउने शिक्षकहरूलाई प्रोत्साहन तथा कदर गर्न र विद्यालयहरु बिच स्वच्छ शैक्षिक प्रतिष्प्रधा गराइ समग्रमा शैक्षिक अभिवृद्धि गर्न यो कार्यविधि तयार गरी लागू गरिएको छ।

**२. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**बौदीकाली गाउँपालिकाको शिक्षा सम्मान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८३**" रहेको छ ।

(२) प्रारम्भः यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**३. सम्मान तथा पुरस्कारका विधाहरू र योग्यताः**

**(क) विद्यार्थी सम्मान विधाः**

- **कक्षा ५ उत्तीर्ण मेधावी विद्यार्थी सम्मानः** पालिकास्तरीय/वार्षिक कक्षा ५ को परीक्षामा न्यूनतम 3.2 GPA वा सोभन्दा माथि हासिल गरेको हुनुपर्ने।
- **कक्षा ८ उत्तीर्ण मेधावी विद्यार्थी सम्मानः** पालिकास्तरीय कक्षा ८ को वार्षिक परीक्षामा न्यूनतम 3.2 GPA वा सोभन्दा माथि हासिल गरेको हुनुपर्ने।
- **SEE (कक्षा १०) उत्तीर्ण मेधावी विद्यार्थी सम्मानः** माध्यमिक शिक्षा परीक्षा (SEE) मा न्यूनतम 3.2 GPA वा सोभन्दा माथि हासिल गरेको हुनुपर्ने।
- **कक्षा १२ उत्तीर्ण मेधावी विद्यार्थी सम्मानः** राष्ट्रिय परीक्षा बोर्ड (NEB) द्वारा सञ्चालित कक्षा १२ को वार्षिक परीक्षामा न्यूनतम 3.2 GPA वा सोभन्दा माथि हासिल गरेको हुनुपर्ने।
- **उत्कृष्ट विद्यार्थी सम्मानः** माथि उल्लेख भएका तहका परीक्षाहरुमा गाउँपालिका भित्र सर्बोत्कृष्ट GPA प्राप्त गर्ने विद्यार्थी हुनुपर्ने।

**(ख) शिक्षक सम्मान विधाः**

- **सतप्रतिशत (100%) नतिजा ल्याउने शिक्षक सम्मानः** कक्षा ५, कक्षा ८, SEE (कक्षा १०) वा कक्षा १२ को परीक्षामा आफूले अध्यापन गराएको विषयमा सहभागी कूल विद्यार्थी संख्याको १००% विद्यार्थी उत्तीर्ण गराउन सफल शिक्षक।
- **उच्च GPA ल्याउने शिक्षक सम्मानः** आफुले अध्यापन गर्ने विषयमा पालिकाभरीमा उच्च GPA ल्याउने शिक्षक।
- **अवकाश प्राप्त शिक्षक सम्मानः** स्थायी सेवामा रही पालिका भित्रको विद्यालयबाट स्वेच्छिक वा अनिवार्य अवकाश लिएका शिक्षकहरु।

**(ग) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ सम्मानः**

विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाइ उनिहरुको कार्य सम्पादनको मूल्याङ्कन गरी शिक्षा समितिको सिफारिसमा सम्मान गर्ने।

**(घ) विद्यालय सम्मानः**

माथि उल्लेखित तहगत परीक्षाहरुमा उत्कृष्ट हुने विद्यालय। *(माथि उल्लेख भएका विधा बाहेकका शिक्षक तथा कर्मचारीको हकमा कार्य सम्पादनको मूल्याङ्कन शिक्षा शाखाबाट गरी शिक्षा समितिको निर्णय अनुसार सम्मान गर्न सकिनेछ।)*

## ४. सम्मानको स्वरूप र पुरस्कारः

| सम्मानको वर्ग | सम्मानको स्वरूप |
|---|---|
| विद्यार्थी सम्मान | कदर पत्र/मेडल/प्रोत्साहन छात्रवृत्ति/नगद पुरस्कार लगायत अन्य |
| शिक्षक सम्मान तथा वि.व्य.स / शि.अ.सं. सम्मान | प्रशंसा पत्र/दोसल्ला/नगद पुरस्कार लगायत अन्य |
| विद्यालय सम्मान | प्रशंसा पत्र/नगद पुरस्कार/जिन्सी सामाग्री लगायत अन्य |

## ५. कागजात र सिफारिस प्रक्रियाः

- **विद्यार्थीको हकमाः** लब्धाङ्क पत्र (Mark sheet/Grade sheet) को प्रमाणित प्रतिलिपि संलग्न गरी सिफारिस पठाउनुपर्ने।
- **शिक्षकको हकमाः** प्रधानाध्यापकले अध्यापन गराएको विषय, सहभागी कुल विद्यार्थी र शतप्रतिशत उत्तीर्ण नतिजा विवरणसहित सिफारिस पठाउनुपर्ने।
- **वि.व्य.स. तथा शि.अ.सं. को हकमाः** शिक्षा समितिको सिफारिस।
- **विद्यालयको हकमाः** उत्कृष्ट भएको खुल्ने प्रमाण पेश गर्नुपर्ने।

## ६. छनोटः

प्राप्त सिफारिस तथा कागजातहरूको अध्ययन गरी शिक्षा शाखाले अन्तिम नामावली तयार गर्नेछ।

## ७. सम्मान वितरण समारोहः

प्रत्येक वर्ष सम्बन्धित परीक्षाहरूको अन्तिम नतिजा सार्वजनिक भइसकेपछि पालिकाले एक भव्य "शिक्षा सम्मान समारोह" आयोजना गरी यो पुरस्कार वितरण गर्नेछ। राष्ट्रिय शिक्षा दिवस वा अन्य सार्वजनिक समारोहको अवसर पारेर पनि यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## ८. विविधः

यदि कुनै विवरण वा कागजात गलत/झुट्टा ठहरिएमा प्रदान गरिएको सम्मान रद्द गरिनेछ। कार्यविधिमा उल्लेख नभएका कुराहरू शिक्षा शाखाको निर्णय अनुसार हुनेछ

आज्ञाले,
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका

**प्रमाणीकरण मिति : २०८३/०५/०४**